"शान्तिनगर गाउँपालिकाको दाहित्व

सुशासन र समृद्धिको स्थायित्व"

# शान्तिनगर गाउँपालिकाको

## गाउँसभा

## अध्यक्ष कमान सिहं डाँगि ज्युले प्रस्तुत गर्नुभएको

## आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम

शान्तिनगर  गाउँपालिका

५ नं. प्रदेश,नेपाल

२०७७ असार ०८

**आदरणीय सभासदज्यूहरु,**

कोभिड-१९ नामको कोरोना भाइरसवाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र बन्दावन्दी बीच आज म आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यकम आठौं(८) गाउँसभा समक्ष सम्वोधन गरिरहंदा जनताको जीवन रक्षा र मुलुकको आर्थिक-सामाजिक जीवनको सुरक्षाको प्रश्नले अत्यन्त गंभीर भएको छु । यस चुनौतीपूर्ण घडीमा गाउँसभालाई सम्वोधन गरिरहँदा म संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि भएका आन्दोलन र संघर्षहरुमा बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

कोभिड-१९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । यस महामारीका कारण अहिलेसम्म ज्यान गुमाउनु हुने सबै व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, महामारीबाट संक्रमित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

शान्तिनगर गाउँपालिकाको दीगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि गाउँसभा समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरबको अनुभूती गरीरहेको छु ।

लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरुलाई विकासका सम्वाहक र मालिकका रुपमा लिदै उनीहरुका इच्छा, आकाङक्षा ,माग ,चाहाना, आवश्यकता ,प्राथमिकता, समस्या, अवसर, चुनौति र संभावनाको खोजि गरी जनताकै भुमिकालाई सर्वाधिक महत्व दिने गरीन्छ । जनतालाई स्थानीय शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाइ स्थानिय लोकतन्त्रलाई संरक्षण र प्रर्वद्धन समेतलाई जोड दिने र सो मार्फत जनताले लोकतन्त्रको लाभ र विकासका प्रतिफल समेत प्राप्त गर्दछन भन्ने मान्यता र लोकतान्त्रिक अभ्यास, संस्कार र प्रयोग स्थानीय सरकारको माध्यमबाट मात्र सम्भव छ भन्ने मान्यतामा आधारित भई स्थानीय तहले आफ्नो भाग्य आफै निर्धारण गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी र अवसर हामीलाई प्राप्त भएको छ । स्थानीय तहको निर्वाचनबाट लोकतन्त्रको आधारशीलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई सिंहदरवारको अधिकार गाउँ गाउँमा प्रयोग गर्न पाउँदा हामीले गर्वको अनुभुति गरेका छौं । नेपालको संविधान, २०७२ ले सबै

नागरीकहरुलाई समान अधिकार, समान अवसर, समान मर्यादा प्रदान गरेको सन्दर्भमा हामी स्थानीय सरकारले परिकल्पना गरे अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिमा केन्द्रित हुनुपर्ने चरणमा प्रवेश गरेका छौं । नेपालको संविधानको अनुसुची ८ ले दिएको स्थानीय तहको अधिकारलाई सदुपयोग गर्दै सामाजिक न्याय सहितको समृद्धि ल्याउन अविकास, गरीवी र पछौटेपनका बिरुद्ध अव हाम्रो ध्यान केन्द्रित गर्नु पर्नेछ ।

मैले यस आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्माण गरीरहँदा स्वच्छ, हराभरा, विकसित, समतामूलक र समृद्ध शान्तिनगरको भावी तस्विरलाई सामुन्नेमा राखेको छु । संविधान कार्यान्वयन अर्न्तगत स्थानीय सरकारको आधारशिला तयार गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग र परिचालन गर्दै विकासको प्रतिफल वितरण सवै शान्तिनगरबासीले समतामुलक तवरले प्राप्त गर्ने गरी साधन स्रोत र अवसरको न्यायोचित बितरण गर्ने, दिगो विकासका लागि पूर्वाधार निर्माण गर्ने र आम शान्तिनगरबासीको अपनत्व र स्वामित्व हुने गरी विकास आयोजनाहरुको कार्यान्वयन गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित गरेको छु र सोही मार्गदर्शनबाट प्रेरित भई बजेट प्रस्तुत गरीनेछ ।

भर्खरै विकास र समृद्धिको यात्रामा वामे सर्दै गरेको यस गाउँपालिकाको आधारभूत पूर्वाधार निर्माण र व्यवस्थित विकासका लागि थुप्रै श्रोत साधन, सबै तहबाट सहयोग ,सल्लाह र समन्वयको आवश्यक पर्ने देखिन्छ । जसको पूर्ति यस गाउँपालिका क्षेत्र भित्रको सीमित श्रोत र साधनको परिचालनबाट मात्रै सम्भव देखिदैन । यसै यथार्थलाई मनन् गरी यस गाउँपालिकाले पनि विकास र सेवा प्रवाहलाइ व्यवस्थित बनाउनका लागि नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजश्व वाँडफाँड, प्रदेश सरकारबाट प्राप्तहुने वित्तिय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सशर्त अनुदान र राजश्व बाँडफांडबाट प्राप्त हुने रकम तथा अन्य निकायबाट प्राप्त हुने अनुदान र गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र साधन समेतलाई आधार मानी सहभागितामूलक योजना तर्जुमाका विभिन्न चरण पार गर्दै विकासका साझेदार, सहकारी क्षेत्र, निजि क्षेत्र, गैर सरकारी संस्था तथा अन्य शासकिय साझेदारहरु संगको तालमेल तथा एकीकृत र समन्वयात्मक प्रयासबाट अगाडि बढ्नुपर्ने देखिन्छ । यस शान्तिनगर गाउँपालिकाले आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तयार गर्दा स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित निर्देशिका र कार्यविधि तथा गाउँपालिकाको विकास सम्बन्धमा मन्त्रालयबाट प्राप्त नीतिगत मार्गदर्शनको आधार बनाएको छु ।

कोभिड-१९ ले सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका कार्य र नियमित रुपमा संचालन गर्नुपर्ने कार्यक्रम र आयोजनामा प्रत्यक्ष रुपमा नकारात्मक असर पुगेको छ । सेवामूलक, उत्पादनमूलक, औद्योगिक र व्यापारिक क्षेत्रहरु कोभिड-१९ को कारणले अवरुद्ध भएका छन । उत्पादन, आपूर्ति र वितरण प्रणालीमा गम्भीर प्रभाव पारेको छ । कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी र उत्पन्न त्रास समेतका कारण आममानिस आफ्ना दैनिक कामहरु अघि बढाउन नसकेको अवस्थामा छन । यसवाट आगामी दिनमा थप चुनौती उत्पन्न हुने र त्यसको सामनाका लागि अहिले देखिनै तयार हुनुपर्ने भएको छ ।

महामारी रोकथाम र नियन्त्रणको लागि अपनाइएको बन्दाबन्दी, सामाजिक दुरी लगायतका कार्यको कार्यान्वयनमा अनुशासित र सक्रियतापूर्वक सहयोग गर्नु हुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसको रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खट्नुहुने चिकित्सक, स्वास्थकर्मी र सुरक्षाकर्मी तथा व्यवस्थापन कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसका साथै, यस महामारीको रोकथाम, नियन्त्रण र उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न राजनीतिक दल, निजीक्षेत्र, सहकारी, सामुदायिक संघसंस्था, संचारक्षेत्र, राष्ट्रसेवक कर्मचारी लगायतसम्पूर्ण गा.पा वासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामीले जित्नै पर्ने यो रोग विरुद्धको लडाईमा सबैको थप ऐक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वासको आवश्यकता रहेको छ । **"जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ"** भन्ने मान्यतालाई आत्मसात गर्दै यस महामारीका विरुद्धको अभियानमा धैर्यतापूर्वक जुट्न सबैलाई आह्वान गर्दछु ।

**अब म गाउँपालिकाको आ.व.२०७६।७७ मा संचालित आयोजना तथा कार्यक्रमकहरुको छोटो समिक्षा प्रस्तुत गर्न चाहान्छु ।**

१. **भौतिक पुर्वाधार विकास तर्फ :-**

- यस शान्तिनगर गाउँपालिकाका प्रत्येक वडाका सडकहरु ग्राभेल तथा स्तरोन्नती भएका छन् । वडा नं ६ को वडा कार्यायल भवन निर्माण सम्पन्न भएको छ ।

- ❖ गाउँपालिका स्तरीय गौरवका आयोजना अर्न्तगत कालोपत्रे सडक निर्माणको शुरुवात भएको छ ।
- ❖ गाउँपालिका स्तरीय गौरवका आयोजनाको विस्तृत परियोजना प्रतिवेदन बनाउने कार्य भइरहेको छ ।
- ❖ गाउँपालिकाको आवधिक योजना, सडक यातायात गुरुयोजना, वातावरणीय प्रभाव परिक्षण सम्पन्न गरी सोही बमोजिम विकास निर्माणको कार्य अगाडि बढाईएको छ ।
- ❖ विपन्न वर्गका व्यक्तिहरुलाई फुसको छानो हटाई निःशुल्क रुपमा जस्तापाता उपलब्ध गराईएको छ ।
- ❖ **उज्यालो शान्तिनगर** कार्यक्रम अर्न्तगत विद्युतिकरण तथा सौर्य उर्जा प्रविधिबाट विद्युतिकरण कार्यक्रम शुरुवात गरिएको छ ।
- ❖ प्रत्येक वडामा ठूला तथा साना सिचाईको लागि नहरहरुको निर्माण गरिएको छ ।
- ❖ बहुउद्देश्य सभाहल निर्माणधिन अवस्थामा रहेको छ ।
- ❖ धनौरी स्वास्थ्य चौकीको निर्माण सम्पन्न हुनुका साथै वडा नं १,३,५ र ७ का स्वास्थ्य भवन निर्माण सम्पन्न भएका छन ।

## २. कृषि तथा पशुपालन तर्फः

- अर्गानिक तथा वेमौसमी तरकारी खेती प्रणालीको शुरुवात गरिएको छ ।
- अध्यक्ष विशेष युवा लक्षित कार्यक्रमको शुरुवात गरिएको छ ।
- कृषिको व्यवसायिकरणका लागि आधुनिक विऊ, मल प्रविधिको वितरणको व्यवस्था मिलाईएको छ ।
- प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा स्थायी प्लाष्टीक घरको निर्माण गरिएको छ ।
- ५० प्रतिशत अनुदानमा कृषकहरुको माग अनुसारको विऊ, विरुवा तथा कृषिजन्य सामग्रीहरु वितरण गरिएको ।
- पशु सेवा तर्फ नश्ल सुधार कार्यको शुरुवात गरिएको छ ।
- पशुजन्य रोगहरु लाग्नबाट रोकथाम गर्न खोप अभियान संचालन गरिएको छ ।
- पशुपालनलाई थप व्यवस्थित गर्न विभिन्न समयमा पशुपालक कृषकहरुलाई तालिमहरु प्रदान गरिएको छ ।

- प्रदेश सरकार र गाउँपालिका साझेदारीमा दुग्ध जन्य पदार्थ संकलन केन्द्र तथा तालिमहरु प्रदान गरिएको छ ।

## ३. स्वास्थ्य क्षेत्र :-

- पोषण सुधार कार्यक्रम अर्न्तगत पालिकामा रहेका सबै कुपोषित बालबालिकाहरुको लागि कार्यक्रम सन्चालन गरिएको जस्तै कडा कुपोषण भएका लाई OTC केन्द्र शान्तिनगर स्वा.चौकिमा भर्ना गरि उपचार गरिएको र मध्यम कुपोषण भएका लाई सर्बोत्तम पिठो बितरण कार्यक्रम सन्चालन गरिएको
- प्रोटोकल अनुसार गर्भजाँच गराउने महिलाहरुको लागि पोषण बितरण कार्यक्रम सन्चालन गरिएको
- गर्भवति महिलाहरुको संस्थागत सुत्केरी सुनिश्चितताका लागि कन्ट्याक ट्रेसिङ कार्यक्रम सन्चालन
- सुत्केरी तथा नबशिशु स्वास्थ्य सुधार कार्यक्रम अर्न्तगत नर्सिङ कर्मचारी द्वारा सुत्केरी महिलाको घरभेट कार्यक्रम सन्चालन
- संस्थागत सुत्केरी प्रोत्सहानका लागि  स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई प्रोत्सहान रकम बितरण कार्यक्रम सन्चालन
- सुत्केरीहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा सन्चालन गरिएको र जेष्ठ नागरिक (६५ बर्ष माथि) का लागि एम्बुलेन्स सेवामा २० प्रतिशत छुट गरिएको ।
- पालिका अर्न्तगतका सबै स्वास्थ्य चौकिमा अनुसन्धानमा आधारीत उपचार पद्दतिका लागि ल्याब सेवा बिस्तार तथा सन्चालन
- स्वास्थ्य सेवामा सामुदायिक सहभागीताको सुनिश्चितताको लागि म.स्वा.स्व.सेबिका र आमा समुह लक्षित कार्यक्रम सन्चालन ।
- किशोरी मैत्री स्वास्थ्य सेवाका लागि बिध्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड तथा आईरन चक्कि बितरण कार्यक्रम सन्चालन
- बिशेषज्ञ स्वास्थ्य सेवाको बिस्तारका लागि घुम्ति स्वास्थ्य शिबिर सन्चालन

## ४. शिक्षातर्फ :–

- सवै विद्यालयहरुमा मन्टेश्वरी कक्षा संचालन, सामग्री वितरण, नमूना मन्टेश्वरीका लागि दिवा खाजा र नमूना मन्टेश्वरीका स.का. हरुका लागि थप पारिश्रमिक उपलब्ध गराईएको छ ।
- प्राविधिक शिक्षा अर्न्तगत कृषि तर्फ १०+२ सम्मको पढाईको सुरुवात भएको छ ।

- अंग्रेजी र नेपाली माध्यमका विषयको पाठ्य पुस्तकहरु नि:शुल्क वितरण गरिएको छ ।
- विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित गर्न सवै प्रधानाध्यापक र लेखाका कर्मचारीहरुलाई लेखा व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरिएको छ ।
- अंग्रेजी माध्ययमलाई क्रमस प्रति वर्ष एक कक्षाका दरले थप गर्दै लगिएको छ ।
- कक्षा २ मा अध्यापन गर्ने शिक्षकहरुलाई ५ दिने अंग्रेजी माध्ययम शिक्षण तालिम संचालन गरिएको छ ।
- निजि श्रोत तथा वाल विकास सहयोगी कार्यकर्ताहरुका लागि थप पारिश्रमिक उपलब्ध गरिएको छ ।

५. **सामाजिक विकास तथा लक्षित वर्गतर्फ**

- वालमैत्री सम्बन्धि स्थानीय शासन समितिको गठन र तालिम सम्पन्न भएको छ ।
- जेष्ठ नागरिक तथा अपाँगता परिचयपत्र वितरण गरिएको छ ।
- विभिन्न विषयगत तालिमहरुको शुरुवात गरिएको छ ।

६. **न्याय क्षेत्र तर्फ**

- विभिन्न  कानून, नियमावली र कार्यविधि निर्माण गरिएको छ ।
- मेलमिलापको माध्ययमबाट झै झगडाको निरोपण गरिएको छ ।
- न्यायिक समितिको क्षमता अभिवृद्धि सम्बन्धि विविध तालिमहरु सम्पन्न गरिएको छ ।

७. **विविध :**

- युवाहरुलाई खेलकुद तर्फ आकर्षित गर्न वडास्तर र गाउँपालिका स्तरमा अध्यक्षकप रनिङ शिल्डको सुरुवात  गरिएको छ ।

## सभासदज्युहरु:-

**अव म आर्थिक बर्ष २०७७।७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

## क)<u>भौतिक पुर्वाधार विकास तर्फ:</u>

- देश समृद्धिको मुल मेरुदण्ड भौतिक पूर्वाधार हो । पूर्वाधारलाई दिगो, भरपर्दो, कम खर्चिलो र वैज्ञानिक बनाउन सके मात्र हामीले आशा गरेको लक्ष्य प्राप्ती गर्न सकिन्छ । यस आर्थिक वर्षमा शान्तिनगर गाउँपालिकाको तर्फबाट पूर्वाधार क्षेत्रको विकास गर्नका लागि **गुणस्तरिय भौतिक पूर्वाधार-शान्तिनगर समृद्धिको आधार** भन्ने नारालाई शिरोधार्य गर्दै निम्नानूसारको नीति लिईनेछ ।

**१.सडक र सिचाई:**

- कृषि सडकहरूको स्तरोन्नति र विस्तार गर्नुका साथै गा.पा भित्रका कृषि तथा पशुपालन क्षेत्रहरूलाई गाउपालिकाको मूल बजारमा जोड्नका लागि आवश्यक कृषि सडक सञ्जाल आगामी आ.व भित्र निर्माण गरिने छ ।
- गाउँपालिका स्तरीय सडकहरुको क्षेत्रआधिकार  निर्धारण गरी सडक विस्तार गर्ने कार्य प्राराम्भ गरिने छ. अतिक्रमण कार्य निर्यन्त्रण गरिने छ ।
- प्रत्येक वडाका केन्द्रलाई टोल र गाउँहरूसँग जोडने सडकहरूको विस्तार र स्तरोन्नति गरिने छ ।
- गाउँपालिका भित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिञ्चाईको व्यवस्था गरी कृषि उत्पादन बढाइने छ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा प्रदेश सरकार सँगको सहयोगमा प्रत्येक वडामा एक।एक खेलकुद मैदान निर्माण गरिने छ ।

**२. खानेपानी, ऊर्जा र वैकल्पिक ऊर्जा :**

- शान्तिनगर गाउँपालिका भित्रका ग्रामीण बस्तीमा शुद्ध पानीको व्यवस्था गर्न सरकारी तथा गैर सरकारी संस्था सँग समन्वय गरी आवश्यक प्रबन्ध गरिने छ ।
- **एक घर,एक धारा-शान्तिनगरको अभिभारा** नीति अन्तर्गत अगामि आ.व भित्र खानेपानी नपुगेका सबै घरधुरिमा आधारभुत स्तरको खानेपानी पुर्याईनेछ ।
- खानेपानी लाईन विस्तार गर्न खानेपानी संस्थान सँग समन्वय गरिने छ ।
- विभिन्न पहाडी क्षेत्रमा वैकल्पिक उर्जाको व्यवस्था गर्दै जनजिवनलाई सहज बनाइनेछ ।

३. घरजग्गा धनी पुर्जा,नापी,भू-उपयोग तथा बस्ति विकास:

- घरजग्गालाई व्यवस्थित गरी राजश्वको स्रोतका रुपमा विकास गरी रेकड राख्न मालपोत कार्डको लागु गरिनेछ ।
- पहाडी क्षेत्रको एकिकृत वस्ती विकास तथा व्यवस्थापनको संभाव्यता अध्ययान गरिनेछ ।

४. सार्वजनिक निजी साझेदारी:-

- सार्वजनिक निजि साझेदारीलाई प्रोत्साहन गरी विकास निर्माण कार्य गर्दा ६०।४० को अबधारणा लागु गरिनेछ ।
- पालिकासँग गरिने साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

- गाउँपालिका तथा वडा(३ र५) कार्यालयहरुको भवन निर्माण गरिनेछ ।
- गाउँपालिका स्तरीय गौरवका आयोजना सञ्चालन गरिने छ ।
- गाउँपालिका स्तरीय चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरिने छ ।
- गाउँपालिकाका सबै वडाहरूमा सार्वजनिक पुस्तकालय र युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुदको विकास र प्रवर्धन गर्न विद्यालय स्तरका प्रतियोगिताहरू सञ्चालन गरिने तथा भौतिक क्षेत्रको विकास गरिनेछ ।
- स्थानीय जनताको आवश्यकता र सुझावलाई आधार बनाई अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- आधुनिक वधशाला निर्माण तथा मासु पसलहरु लाई व्यवस्थित र स्वच्छ बनाउन पहल गरिनेछ ।
- छाडा चौपायालाई संरक्षणको लागि गौशाला निर्माण कार्य सुरुवात भईसकेको तथा यही आ.व मा सम्पन्न गरिनेछ ।
- वैदेशिक रोजगार गुमाई घरफर्केका श्रमिकहरुलाई रोजगारीको सुनिश्चित गर्नको लागि प्रत्येक वडामा १००।१०० जनाका दरले **श्रमिक वैंकको** स्थापना गरिनेछ ।विकास निर्माण कार्य गर्दा त्यस्ता श्रमिक तथा कोभिड-१९ का कारण क्वारेन्टाइनमा बसि घर फर्केकालाई विशेष ग्रायता दिइनेछ ।

## (ख).कृषि तथा पशुपालन तर्फ :

- कृषिजन्य वस्तुको उत्पादकत् बृद्धिगर्दै कृषि व्यवसायलाइ व्यवशायिकरणका माध्यामबाट स्वरोजगार सृजना गरिनेछ।
- न्यून आय भएका कृषकहरुलाइ कृषिबाट जिविकोपार्जन तथा पारिवारिक पोषणमा सुधार गरिनेछ ।
- आमकृषकहरुकोआर्थिकस्तर सुधारगरी पालिकाको विकासमा टेवा पुर्याउनुको साथै देशको कुलग्राहस्थ उत्पादन बृद्धिमा योगदान दिइनेछ ।

- कृषिजन्यपदार्थको मुल्यश्रृंखलामा आधारीत विविधिकरण बजारीकरणबाट गुणस्तरीय कृषिजन्य पदार्थको मुल्य अभिबृद्धि गरिनेछ।
- कृषि व्यवसायबाट गरिवी न्यूनिकरण र वेरोजगारी  घटाउन सहयोग पुर्याइनेछ।
- अर्गानिकवाली/वस्तुकोउत्पादन बृद्धि गर्न रासायनिक घातक/विषादिको प्रयोगमा कमी ल्याउन जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पर्यावरण अनुकूल हुने किसिमका र उत्पादन एवं वजार सम्भाव्यताको आधारमा वाली वस्तु छनौट गरिनेछ र त्यस्ता कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ।।
- रैथाने प्रजातिका कृषिवालीको उचित संरक्षण र सम्वर्द्धन गरिनेछ।
- युवामहिला दलित र सिमान्तकृतवर्गका कृषकलाई आकर्षण गर्न कृषिजन्यवस्तु उत्पादन लागतकम गर्ने,यान्त्रिकरण, सानासिचाई, प्लाष्टिक पोखरी निर्माण, ढुवानी, प्याकेजिङ, ग्रेडिङ आदिमा अनुदान दिईनेछ।
- उन्नत र व्यावसायिक कृषि व्यवसायलाई प्रवर्द्धन गर्न नीतिगत व्यवस्था गरिनेछ।
- उत्पादित बाली वस्तुको संकलन, भण्डारण र प्रशोधन प्रक्रियामा सुधारल्याई बजारीकरणमा जोडदिइ समग्रमूल्यश्रृंखलाकोअभिवृद्धि गरिनेछ।
- सहकारी संस्थाहरुलाई क्षमता अभिवृद्धि लगायतका  बिषयमा तालिम प्रदानगरी कृषिपेशाबाट  रोजगारीअभिवृद्धिको माध्यमका रुपमा विकास गरिनेछ।
- सुकुमबासी,भूमिहीन लगायतका चुनौतिहरुको सामना गर्न कृषियोग्य जमिनको खण्डिकरण प्रक्रियामा नियन्त्रण गरी जमिन बाँझो राख्ने प्रवृत्ति अन्त्य गर्न सहकारी खेती प्रणालीको विकास गर्ने तर्फ कार्यप्रारम्भ गरिनेछ।
- कृषकहरुको परम्परागत ज्ञान तथा सीपलाइ कदर गर्दै कृषि पेशालाइ मर्यादित तथा सम्मानजनक पेशामा रुपान्तरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- कृषिको व्यसायीकरण गर्दा भौगोलिक, जातीय, वर्गिय, तथा लैंगिक समानताका साथै समानुपातिक प्रणालीको अवलम्वन गरिनेछ ।
- खेतीयोग्य जमिनको खण्डिकरण प्रकृयालाई निरुत्साहित गरिनेछ।
- जग्गावाँझो राख्ने प्रबृत्तिलाई निरुत्साहित गर्न करारखेती, सामूहिक खेती प्रणालीमा जोड दिईनेछ।
- सिंचाई व्यवस्थाका लागि पानीका मुहानहरुको उचित संरक्षण एवम् आकाशे पानीको उचित व्यवस्थापन तर्फजोड दिइनेछ।
- रैथानेवाली पशुको पहिचान, संरक्षण र सवंर्द्धनका लागि स्थान विशेषपकेट क्षेत्र निर्धारण गरी ती वालीवस्तुको वीउ उत्पादन संरक्षण, तथा वजारिकरण गरिनेछ।
- रैथाने वाली बस्तुको उत्पादन अभिवृद्धि गर्न आवश्यक प्रोत्साहन र बजारीकरणको प्रबन्ध गरिनेछ।

- कृषिसहकारी/समूहरक्रेता (व्यापारीकनिकाय /व्यक्ति / संस्था) बिचअग्रीम करार संझौता प्रणाली विकास गरी ठोस रुपमा कार्यान्वयन गरिनेछ।
- उच्च-मूल्यप्राप्तहुनेकृषिवालीबस्तुकोक्षेत्रपहिचानगरीएकसमूह/सहकारी, एकवालीवस्तुउत्पादनमाजोडदिईनेछ।
- आयातित वस्तुहरुकोप्रयोग/उपभोगलाई निरुत्साहित गर्न चेतनामूलक लगायतका कार्यक्रम संचालनमा जोड दिईनेछ।
- खाद्य सुरक्षाको नाममा रैथाने बाली बस्तु उत्पादनलाई निरुत्साहित गर्ने किसिमका कार्यक्रम लाई निरुत्साहित गरिनेछ।
- कृषिमा आधारित उद्योग स्थापनामा निजि क्षेत्र एवं ठूला स्तरसक्षम सहकारीलाई सुविधा प्रदान गरिनेछ
- कृषि वीमा कार्यक्रमलाई घरदैलोमा पुर्याउन कदम चालिनेछ।
- रैथाने कृषिवाली वस्तु रअर्गानिक उत्पादनलाई कृषि प्रर्यटनसंग जोडेर उत्पादन तथा वजारिकरणमा जोड दिईनेछ।

- पशुस्वास्थ्य विकाशको लागी यस गाउँपालीकामा रहेका पशुपन्छीको ओसार पसार हुने,रोग प्रकोपको सम्भावना भएका मुख्य सडक तथा आसपासका क्षेत्रमा निःशूल्क रुपमा पी.पी.आर, भ्यागुते, चरचरे, खोरेत स्वाइनफिवर खोपको व्यवस्था गरिनेछ ।
- पशुपालनलाई उत्पादनमुखी बनाउन नश्लसुधार कार्यक्रम गाइभैसी, बाख्रामा सबै क्षेत्रमा सुरुवात गरिनेछ ।
- पशुपालनलाई व्यावसायिकरणमा प्रोत्साहन गर्न नेपाल सरकार/स्थानिय तहबाट दिने अनुदानमा स्थानीय तहमा उद्योगमा दर्ता भएकालाई प्राथमिकता दिइने छ ।
- पशु बिमा कार्यक्रमलाई अनिवार्य रुपमा लागु गर्न सबै पशुपन्छी फार्महरुलाई प्रेरीत गरिनेछ ।
- सामुदायिक वन, सार्वजनिक जग्गा, सडक दाँयाबाँया पोषण युक्त डालेघाँस, बर्षे, बहुबर्षिय भुईघाँस तथा हेजेरो बिकास गरिनेछ ।
- पशुसेवा प्रसारलाई कृषक माझ प्रभावकारी रुपमा अगाडी वढाउन नियमित पशुपँछी पालन तालीम, मत्स्य विकास तालिम प्रत्येक वडामा सचालन गरिनेछ ।

- ❖ सवै ग्रामिण स्तरका कृषकहरुलाई पशुस्वास्थ्यको पहुँचमा पुचाउन सवै वडामा निःशुल्क पशुसेवा शिवीर सँचालन गरिनेछ ।
- ❖ जुनोसीस रोगबारे स्कुल शिक्षा कार्यक्रमलाई शिक्षा शाखाको समन्वयमा सवै स्कुलहरुमा सचालन गरिनेछ ।

## (ग). स्वास्थ्यतर्फ :

- ➢ कोभिड १९ को महामारी रोकथाम र ब्यबस्थापनको महामारी लक्षित कार्यक्रम सन्चालन गरिनेछ । जसको लागि प्रत्येक स्वास्थ्य चौकिहरुमा संकास्पद बिरामीको प्रयोगशाला परिक्षण र आईसोलेशन कक्षको ब्यबस्थापन गरिनेछ ।
- ➢ कोभिड १९ को महामारी तथा घरेलु हिंसाबाट प्रभाबित भई मानसिक समस्यामा परेका मानिसहरुको लागि पालिका स्तरिय मनोबिमर्श सेवा सन्चालन गरिनेछ ।
- ➢ विद्यालयमा स्वास्थ्य सेवा अर्न्तगत विद्यार्थीको नियमित स्वास्थ्य जाँच गरी किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था गरिने छ ।
- ➢ उज्यालो शान्तिनगर गाउपालिका अभियान सन्चालन गरिनेछ जसको लागि गाउपालिकामा रहेका सबै मोतिबिन्दुका बिरामीहरुको पहिचान गरि निशुल्क सल्यक्रियाको ब्यबस्था गरिनेछ ।
- ➢ स्वास्थ्य सेवा बिस्तारका लागि निजि स्वास्थ्य क्लिनिकहरु संग साझेदारी कार्यक्रम सन्चाल गरिनेछ ।
- ➢ विशेष गरी थारु समुदायमा देखिने सिकलसेल एनेमियाकाविरामीहरुको उपचारको प्रवन्ध र यस सम्वन्धि चेतनामुलककार्यक्रम सञ्चालनगरिने छ ।
- ➢ शान्तिनगर गाउपालिकाको पोषण सुधारका लागि १००० दिन भित्रकाबच्चाहरु, आमाहरु र ५ बर्ष मुनिका बालबालिाहरुको लागि पौष्टिक तत्व बितरण तथा पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ➢ स्वास्थ्य संस्थाको पहुचमा आधारभुत स्वास्थ्य सेवाका लागि प्रत्यक वडाको आफ्नै भवनमा दरबन्दि सहितको सेवा सन्चालन गर्नुका साथै गा.पा. स्तरमा चिकित्सक सहितको उपचारात्मक सेवा सन्चालन गरिनेछ ।

- स्वास्थ्य सेवाको पहुच र गुणस्तर सुधारका लागि बिशेषज्ञ सहितको घुम्ति सेवा सन्चालन गरिनेछ ।
- बिरामीहरुको उपचारात्मक सेवालाई प्रभाबकारी बनाई स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि पालिकाका ३ वटै स्वस्थ्य चौकिहरुमा ल्या.ब. सहितको सेवालाई निरन्तरता दिईनेछ ।
- यस गाउपालिका मा मातृ मृत्यु र नबजात शिशु मृत्यु दर लाई निरुत्साहित गर्न सुत्केरी सेवाका लागी यस गाउ पालिका भरी निशुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता दिईनेछ ।
- पालिका भित्रका सुत्केरीहुने महिलाहरु लाई सतप्रतिशत र ६५ बर्ष माथिका जेष्ठ नागरिकहरुका लागि एम्बुलेन्स सेवामा २० प्रतिशत छुट दिईने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पुर्ण संस्थागत सुत्केरी युक्त गाउपालिकाको लागी ANC सेवामा आउने सबै गर्भवति महिलाहरु लाई PNC सेवा सम्म सेवा मा ल्याउनका लागी Tracing प्रणालिलाई निरन्तरता दिईनेछ ।
- सत प्रतिशत खोप सेवा सुनिश्चितताको प्रमाणिकरण गर्ने र छुट बच्चाहरुको खोजिका लागी Tracing प्रणालिलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको घरैमा गई नर्सिङ कर्मचारीहरु द्वारा PNC सेवा प्रदान गर्ने कार्यक्रम सन्चालन गरिनेछ र ८० बर्ष माथिका जेष्ठ नागरिकहरुको लागी उनिहरुको घरमा नै गएर स्वास्थ्यकर्मिहरु द्धारा उपचार सेवा प्रदान गर्ने कार्यक्रम सन्चालन गरिनेछ ।
- बिध्यालयमा पुर्ण महिनावारी स्वाच्छता कार्यक्रम सन्चालन गरिनेछ ।
- गाउपालिकामा रहेका सबै स्वास्थ्य चौकिहरुमा स्वास्थ्य सुचना तथा सन्चार केन्द्र स्थापना गरिनेछ ।
- गाउपालिकाका सबै स्वास्थ्य चौकिहरुलाई प्रबिधिमैत्रि बनाउनका लागि ई सेवा सुरु गरिनेछ ।
- खानेपानि स्वच्छताको सुनिश्चितताको लागि बिशेष कार्यक्रम सन्चालन गरिनेछ ।
- स्वास्थ्यकर्मिहरु र महिला स्वास्थ्य स्वयम सेबिकाहरुको लागि क्षमता बिकास कार्यक्रमहरु सन्चालन गरिनेछ ।

- मेरो बर्ष अभियानलाई सफल पार्न बिभिन्न गतिबिधिहरु सन्चालन गरिनेछ ।
- ६० बर्ष माथिका नागरिकहरुलाई बिशेष रोगहरु जस्तै मधुमेह र रक्तचापका औषधिहरु निःशुल्क बितरण गरिनेछ ।

## (घ). शिक्षातर्फ:

- विद्यालयको लेखा प्रणाली तथा परीक्षा प्रणाली चुस्तदुरुस्त तथा व्यवस्थित गर्न सवै मावि तथा निमाविहरुमा लेखा तथा परीक्षा सम्वन्धी सफ्टवेयर जडान तथा पहाडी क्षेत्रका निमाविहरुमा ल्यापटप खरिद गरी विद्यालयहरुलाइ उपलव्ध गराइने छ ।
- सवै विद्यालयहरुका वालविकास केन्द्रमा मन्टेश्वरी कक्षा संचालनका लागि सामग्री वितरण, सवै वालविकास केन्द्रका स.का. हरुका लागि थप पारिश्रमिक उपलब्ध गराइने छ ।
- प्रत्येक वालविकास केन्द्रमा ४० इन्चको एलसीडि मोनिटर जडान गरिने छ ।
- शिक्षामा प्रविधिको सुरुवात गर्नसवै माविहरुमा एक एक वटाका दरले प्रोजेक्टर उपलव्ध गराइने छ ।
- सवै विद्यालयहरुमा शुद्ध पिउने पानीका लागि फिल्टर तथा पानी ट्यांकी वितरण गरिने छ ।
- शिक्षामा प्रविधि जोडनका लागि आवश्यकतानुसारका रेडियो शिक्षण सिकाइ क्रियाकलापका अलावा सञ्चार सुविधा नभएका विद्यालयहरुमा मुद्रण सामग्री वितरण गरि प्रविधिमैत्री वैकल्पीक शिक्षामा जोड दिइने छ ।
- उच्च शिक्षा अध्ययनका २० जना छात्रछात्रालाइ जेहेन्दार दलित, जनजाती, द्वन्दपिडितका लागि छात्रवृत्ती वितरण गरिने छ ।
- विद्यालय छात्रामैत्री वातावरण वनाउन मावि तथा निमाविहरुमा वास सहितका शौचालय निर्माण लाई प्राथमिकता दिई निर्माण गरिने छ ।
- कक्षा १० को परीक्षा मूल्यांकनमा सुधारको अपेक्षा सहित पौष,माघ र फाल्गुण ३ महिने आवासीय पढाईलाइ निरन्तरता दिइने छ ।
- शिक्षामा योजनावद्ध विकासका लागि शिक्षाका सवै सरोकारवालाको सहभागितामा गाउँशिक्षा योजना निर्माण गरिने छ ।

❖ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा पूर्वाधार विकासमा क्रमशः सुधार गर्ने नीति लिइने छ ।

❖ शिक्षा जिवनको ज्योति हो भन्ने भावना जागृत गराई विद्यालयमा पहुँच नभएका प्रत्येक वालवालिकालाइ वालमैत्री वातावरणमा पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्न पहल गरीनेछ ।

❖ समयमै निशूल्क पाठ्यपूस्तक वितरणको सुनिश्चिता गरिने छ ।

❖ सवै सामुदायिक विद्यालयहरु १–५ कक्षामा अनिवार्य अंग्रेजी माध्ययमद्धारा पठनपाठन हुने व्यवस्था मिलाइने छ । साथै अंग्रेजी माध्यमलाई प्रत्येक वर्ष एक कक्षाका दरले क्रमशः थप गर्दै लगिनेछ र अंग्रेजी माध्ययमका लागि समेत थप निशुल्क पाठ्यपुस्तक वितरणको आवश्यक व्यवस्था मिलाइने छ ।

❖ आधारभूत शिक्षालाई सामूदायिक विद्यालय मार्फत अनिवार्य गरीने छ ।

❖ विद्यालय उमेर समूहका सवै बालबालिकाको पहूच सूनिश्चित गर्न, विद्यालय भर्ना, भौतिक सुधार, छात्रवृत्ती लगायत विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरु संचालन गरीने छ ।

❖ शिक्षा क्षेत्रमा पहुँच तथा टिकाउ दर बढाउने गरी विपन्न तथा जेहेन्दार विद्यार्थी पहिचान गरी विद्यार्थी पोशाका कार्यक्रमहरु परीक्षणका रुपमा सुरुवात गरिने छ ।

❖ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बृद्धिगर्न विशेष पहल गरीनेछ । साथै विद्यार्थी संख्या अत्यन्त न्यून भएका सामुदायिक विद्यालयहरुलाई एक आपसमा मर्ज गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

❖ सवै वालविकास केन्द्रलाइ नमूनाका रुपमा सञ्चालन गर्न थप शैक्षिक सामग्री, स.का.को पारिश्रमिक थप्ने नितीलाइ लाई निरन्तरता दिइने छ ।

❖ विद्यालय क्षेत्रमा मादकपदार्थ तथा सूर्तीजन्य वस्तुहरु विक्रिवितरणमा पूर्णतः निषेध गरीने छ ।

❖ नीजीस्रोतवाट सञ्चालन भएका विदालयहरुका लागि शिक्षक व्यवस्थापनका लागि आर्थिक अनुदान उपलव्ध गराउने नीति कायमै राखिने छ ।

❖ दरवन्दि मिलानलाइ प्राथमिकता दिइ कार्य अगाडि वढाउने उपयुक्त निती लिइने छ ।

❖ तोकिएको मापदण्ड पुरा गर्नेलाई पुरस्कार तथा पुरा नगर्नेलाई दण्डको आवश्याक व्यवस्था गरिने छ ।

❖ स्थानीय शिक्षा ऐन अभिमुखीकरण गरी सवै विद्यालयहरु समान प्रकृतिवाट सुसञ्चालन तथा गर्ने सुनिश्चतता प्रदान गरिने छ ।

- ❖ सक्षम विद्यालय प्रविधिक शिक्षा सञ्चालन लागि अगाडि बढेमा त्यस्ता विद्यालयहरुलाई उत्प्रेरित तथा समन्वय गरिने छ ।
- ❖ म्याचिङ फण्ड कार्यक्रम वाट विद्यालयले विभिन्न शैक्षिक सस्था मार्फत प्राप्त गर्ने अनुदानका लागि  विद्यालयले व्यभार वहन गर्नुपर्ने थप रकम अनुदान स्वरुप विद्यालयलाई उपलव्ध गराइने छ ।
- ❖ विद्यालयमा दिवा खाजामा जंकफुड पूरै निशेधित क्षेत्र घोषणाका कार्यक्रम तथा विद्यालयहाता प्लास्टिक मुक्त घोषणा गर्न गराउन विशेष जोड दिइने छ ।
- ❖ मूल्यांकन तथा परीक्षा प्रणालीमा गाउँपालिकामा एकरुपता कायम राख्न कक्षा ४देखि कक्षा ९  सम्मको वार्षिक परीक्षा सुसञ्चालनको व्यवस्था मिलाइने छ ।

## (ङ).योजना, अनुगमन तथा दिगो व्यवस्थापनतर्फ:

- ➢ योजना संचालन गर्दा उपभोक्ता समिति,टोल विकास संस्थाका पदाधिकारीलाई आयोजना तथा कार्यक्रमको उपभोक्ता समिति गठन,योजना सन्झौता,भुक्तानी प्रकृया,लेखा व्यवस्थापन, योजनाको रेखदेख,मर्मत सम्भारको बारेमा जानकारी दिनको लागि पालिकाबाट तालिम तथा अभिमुखीकरणको व्यवस्था मिलाईने छ ।
- ➢ गाउँसभाबाट स्वीकृत भई रातो किताबमा प्रकासित भएका आयोजना तथा कार्यक्रमहरुलाई संचालन गर्दा गर्दै हुने रकमान्तर र शिर्षकान्तर गर्ने परम्परालाई न्यून गर्दै लगिनेछ ।
- ➢ स्थानीय तह योजना तर्जुमा दिग्दर्शन२०७४(परिमार्जित २०७५) अनुसार योजनाको उपभोक्ता समिति गठन,सम्झौता,योजना जाचपास,फरफारक र भुक्तानी जेष्ठ मसान्त सम्मलाई अन्तिम समय तोकि कार्य गरिनेछ ।
- ➢ आयोजना छनौट गर्दा टुक्रे तथा स-साना योजनालाई निरुत्सायीत गरि ठुला तथा दीर्घकालिन योजनालाई छनौटमा प्राथमिकता दिईनेछ ।
- ➢ उपभोक्ता समितिले आयोजना संचालन गर्दा अनिवार्य रुपमा विकास निर्माण दिगोपना,पारदर्शि,चुस्त दुरुस्त रुपमा सम्पन्न गर्छु भनी कबुलियतनामा र सपथ लिनुपर्ने छ ।आयोजनाको सम्पुर्ण विवरण सुचना पाटीमा सन्बन्धित स्थानमा टाँसेको हुनुपर्ने र योजनाको दिगोपनाको लागि रेखदेख र मर्मत सम्भारको जिम्मेवारी स्वयम् उपभोक्ता समितिले लिनुपर्ने व्यवस्था मिलाइने छ।
- ➢ गाउँपालिकामा पालिका स्तरीय गौरवका योजना र हरेक वडामा कम्तीमा एक(१) वडाध्यक्ष गौरवको योजना छनौट गरि संचालन गरिनेछ ।
- ➢ नेपाल सरकार,प्रदेश सरकार तथा अन्य संघ,संस्थाबाट प्राप्त योजनालाई निर्धारित समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

## (च) सामाजिक सुरक्षा तथा पंजिकरण तर्फः

- सामाजिक सुरक्षा तथा पंजिकरण प्रणालीलाई अनलाइन प्रणालिमा व्यवस्थित गर्न तथा सबै वडाका सचिवहरुलाई यस सम्बन्धि सचेतनामुलक अभिमुखिकरण गर्दै क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- शान्तिनगर गा.पाको अनलाइन प्रणालीमा आधारित घटना दर्ता तथा सामाजिक भत्ता वितरण कार्य गर्दै पुराना पंजिकरण अभिलेखलाई डिजिटलाइज गरि अध्यावधिक गरिनेछ ।
- **MIS** प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता प्रणाली व्यवस्थित गरी पुराना अभिलेखलाई राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको निर्देशन अनुसार डिजिटलाइजेशन गरिनेछ ।

## (छ).आन्तरिक आय तथा राजश्व परिचालनतर्फः

- गा.पाको आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, कर प्रशासनको क्षमता अभिवृदि, करका दायरा विस्तारमा जोड तथा राजश्व चुडावटलाई नियन्त्रण गरिनेछ ।
- गाउँपालिकाले असुल गर्नुपर्ने कर राजश्वलाई प्रभावकारी र पारदर्शी बनाउन सबै वडा कार्यालयहरुमा सफ्ट वयर(soft ware system)प्रणाली जडान गरी गाउँपालिकाको राजश्व शाखाबाट दैनिक अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- यस गा.पाबाट असुल गरिने सम्पत्ति कर,बहाल कर,व्यवसाय कर,विज्ञापन कर तथा अन्य करहरुलाई गा.पाबाट प्रवाह गरिने सेवासंग एकिकृत तथा आवद्ध गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक आम्दानिमा टेवा पुग्ने गरी यस गा.पा भित्रका पर्यटक स्थलहरुलाई विकास,संरक्षण र प्रर्वद्धन गरि आन्तरिक राजश्वको स्रोतका रुपमा विकास गरिनेछ ।

- कृषि व्यवसाय तथा कृषिसंग सहकार्य गर्ने व्यक्ति,समुह तथा सहकारी समुहहरुको प्रर्वदनका लागि व्यक्ति, समुह र सहकारी सस्थाहरुको नविकरण शुल्कमा (५०%) छुट दिने व्यवस्था मिलाइनेछ ।
- तुलनात्मक लाभका क्षेत्रमा संचालित,रोजगारमुलक उद्योगहरु जस्तै खाद्यान्न उद्योग, कृषि उद्योग,इट्टा उद्योग, निर्माण व्यवसाय आदिमा महामारीको रुपमा फैलिएको कोभिड-१९को कारण पहिलो वर्षको करमा ५०% छुट दिने र व्यवसाय संचालन स्थान सम्म जान पूर्वाधार विकासमा जोड दिइनेछ ।
- प्रस्ताविक करहरु संकलनको लागि पारद्रशिता र प्रभावकारिता अपनाउन आवश्यक पर्ने कार्यविधि तथा पुरानो निर्देशिकालाई संशोधन गरि व्यावहारिक बनाइनेछ।
- यस गा.पा अन्तर्गत बसोबास गर्ने हरेक नागरिक,उपभोत्ता समितिका पदाधिकारी तथा कर शुल्क बुझाउनु पर्ने दायित्व भएको अन्य सबै व्यत्ति,सस्था आदिले गा.पालाई बुझाउनु पर्ने कर शुल्क समयमा नबुझाएमा गा.पाबाट प्रवाह हुने सबै प्रकारका सेवा सुविधाहरुलाई रोक्का गरी कर तिर्न प्रोत्साहीत गरिनेछ ।
- घर नक्सापास गर्ने कार्यलाई अनिवार्य गरिनेछ । घर नक्सापास नगरेकोलाई गा.पाबाट उपलब्ध गराईने सेवा सुविधामा रोक्का गरिनेछ ।
- ढुङ्गा,गिट्टी,वालुवा, माटो,ग्राभेल आदि उत्खनन तथा निकासीका लागि क्षेत्र विस्तार गर्न आइ इ इ (I.E.E)का लागि थपक्षेत्र पहिचान र म्याद सिद्धिन लागेका क्षेत्रको समेत गरि आवश्यकता अनुसार नदि,पहाड,जंगल सबै क्षेत्रमा आइइ गरिनेछ ।
- यस गा.पाभित्र विभिन्न नदिहरुबाट अवैध रुपमा हुने उत्खनन तथा ढुवानिलाई रोक्न र वातावरणलाई स्वच्छ बनाउन अनुगमन तथा नियन्त्रणको दायरालाई प्रबावकारि बनाइनेछ ।
- विश्वमहामारिको रुपमा रहेको कोभिड-१९ले पारेको प्रबावले बेरोजगार,आर्थिक मन्दि हुने भएकोले कृषिक्षेत्र तथा रोजगारी कार्यमा विकास गर्न कर छुटको सुविधालाई लागु गरिनेछ ।

## (ज). खानेपानी, सरसफाई तथा वातावरण तर्फ:

- ❖ पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरीनेछ ।
- ❖ वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान संचालन गरीनेछ । साथै विकास निर्माणका योजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई आवश्यक भएमा त्यसलाई निरन्तरता दिईनेछ ।
- ❖ स्वच्छ, सुन्दर र हरियाली गाउँपालिका बनाउन ग्रीनपार्क निर्माण, बृक्षारोपण कार्यक्रम प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।
- ❖ वातावरण संरक्षण तथा संवर्द्धनमा जोड दिदै वातावरण मैत्री योजना संचालन गरीने नीति लिइने छ ।
- ❖ फोहोरमैलाको उपयुक्त व्यवस्थापनका लागि सरोकारवाला संग समन्वय गरी ल्यान्डफिल साईटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गरीने छ ।
- ❖ सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार वनाउदै वन तथा वातारण संरक्षण र सम्वर्द्धनमा जोड दिइने छ ।
- ❖ ग्रामीण जलाधरक्षेत्र संरक्षण कार्यक्रम लागु गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र जैविक विविधता कायम राख्नका लागि आफ्नो नर्सरी निर्माण गरीनेछ ।
- ❖ सार्वजनिक शौचालयको निर्माणको कार्यलाई प्राथमिकता दिइने छ ।
- ❖ हरित सडकको अवधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र सिँचाई समेतलाई सहयोग पुग्नेगरी हार्भेस्टीङ ड्याम निर्माण गरीनेछ ।
- ❖ शान्तिनगर गाउँपालिकालाई धुवाँ रहित गाउँपालिका बनाउन विषेश कार्यक्रम संचालन गरीने छ ।

## (झ).संस्थागत सुशासन तथा सेवा प्रवाहतर्फ:

- ❖ गाउँपालिकाको सेवालाई चुस्त ,दुरुस्त, पारदर्सि ,जवाफदेहि तथा उत्तरदायि स्थानिय तहको रुपमा विकास गर्दै लगिने छ ।
- ❖ पदाधिकारी/कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउन मागको आधारमा तालिम/कार्यक्रम संचालन गरीनेछ ।
- ❖ सार्वजनिक जग्गा अतिक्रमणलाई निरुत्साहित गर्न लगत तयार गरी संरक्षण गर्ने नीति लिइने छ ।
- ❖ सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई तथा अनुगमन र मुल्याङकनलाई प्रभावकारी वनाइने नीति लिइने छ ।
- ❖ सुचना प्रविधिको प्रयोगमा जोड दिइने छ ।

## (ञ).विपद् जोखिम न्यूनीकरणतर्फ:

- ❖ बिपद व्यवस्थापनकार्यका लागि आवश्यक नीति,कानून,मापदण्ड तयार पारि कार्यन्वयन गरिने छ ।
- ❖ बिपद पूर्ब तयारी तथा उद्धार,राहात सामाग्रीको पूर्ब भण्डारण,बितरण र समन्वयलाई प्रभावकारी बनाइने छ ।
- ❖ बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापनमा सार्वजनिक,नीजि,गैरसरकारी,सहकारी संघसंस्थाहरु र समुदाय बीच साझेदारी र सहकार्य प्रवद्धन गरिनेछ ।
- ❖ शान्तिनगर गाउंपालिकामा विपद् व्यवस्थापनका लागि स्थायी कोष निर्माण गरी सञ्चालनमा ल्याइनेछ । गाउंपालिकाभित्र हरेक संरचना निर्माण गर्दा विपद्, जोखिम न्युनीकरणलाई विशेष ध्यान दिइनेछ ।

## (ट).महिला,बालबालिका तथा जेष्ठ नागरिकतर्फ:

- ➢ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा,सामाजिक विभेद,शेषण,कुरीति,अन्धविश्वास हटाउन र न्युनिकरणका लागि गैर सरकारी क्षेत्र समेतको सहभागितामा जागरण र सचेतना अभियान संचालन गरिनेछ ।

- जेष्ठ नागरिक र अपांगता भएकाहरुका व्यक्तिहरुको कानूनी प्रदत्त अधिकार र सेवासुविधा प्रदान गराउन सहजिकरण गरिनेछ ।
- समाजको आर्थिक,सामाजिक तथा सांस्कृतिक सशक्तिकरण र नेतृत्व विकासको लागि कानुनी सचेतना,रोजगारी सिर्जना,उद्यमशिलता प्रवर्धन लगातका कार्यक्रम संचालन गरिनेछ ।
- ६० वर्ष पुगेका सबै ज्येष्ठ नागरिक र अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचय पत्र बितरण गरिनेछ ।
- संघ, प्रदेश र अन्य संस्थासग समन्वय गरी महिलाममैत्री नीति लिइनेछ ।

## (ठ).युवा तथा खेलकुदतर्फ:

- गाउँपालिका स्तरीय खेलकुद कार्यलाई थप व्यवस्थित गर्न प्रत्येक वडामा खेलकुदसँग सम्बन्धि कार्यक्रमलाई अगाडि बढाईनेछ ।
- शान्तिनगर गाउँपालिका भित्र खेलकुद विकासका निम्ति अध्यक्ष कप रनिङ सिल्ड प्रतियोगीतालाई थप व्यवस्थित बनाउँदै निरन्तरता दिईनेछ ।
- रोजगारीका लागी विदेसिने प्रवृतिलाई निरुत्साहित गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत थप योजना तथा कार्यनीति बनाई व्यवस्थित गरिनेछ ।

## (ड).विविध :

- कृषि, वन तथा जडिबुटीमा आधारित उद्योगहरुको विकासका लागि आवश्यक प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराईनेछ । आन्तरिक उत्पादनको मेला प्रदर्शनी आयोजना गरी उत्पादनको बजारीकरण गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- रोजगार गुमाएका व्यक्तिहरुलाई पुन:स्थापित गर्न उद्योग, कृषि तथा निर्माण क्षेत्रमा रोजगार अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

- होमस्टेको विकासमार्फत ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ। होमस्टे संचालनको लागि प्रोत्साहन गर्ने, होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ । गा.पाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक एवम् अन्य पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धन र विकास गरिनेछ।
- जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ। अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि समुदायसँग सहकार्य गरिनेछ।
- **"शान्तिनगर गाउपालिकाको दाहित्य,सुशासन र समृद्धिको स्थायित्व"** को नारा अनुरुप यस गा.पाको उन्नती र पर्गतिको लागि सबै शाखासंग समन्वयन गरी विकासमा जोड दिइनेछ।
- युवाहरुको सीप र प्राविधिक ज्ञानलाई गा.पा विकासमा लगाई युवा रोजगारीको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सीपलाई प्रयोग गरि स्वरोजगार कार्यक्रम सञ्चाईलन गरिनेछ।
- कोभिड-१९ को रोकथाम, नियन्त्रणमा खटिने स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न थप प्रोत्साहन गरिनेछ। कोभिड-१९ लगायतका सरुवा रोग, किटजन्य रोग, पशुपंक्षीजन्य रोग एवम सिकल सेल एनेमिया, थालासेमिया जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरु तथा खुला सीमानाबाट भित्रिन सक्ने रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ। स्वास्थ्यजन्य फोहोर व्यवस्थापनको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।
- यस गा.पाबाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमूखी वनाउनुका साथै विकास निर्माण कार्यमा वित्तीय अनुशासन तथा जवाफदेहिता कायम गर्न मितब्ययिता, कार्यकुशलता र कार्यसम्पादनस्तरलाई मानकका रुपमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ। गाउपालिकावाट सम्पादित क्रियाकलाप र खर्च प्रक्रिया पारदर्शी बनाईनेछ।
- **“शान्तिनगर गाउपालिकाको दाहित्य,सुशासन र समृद्धिको स्थायित्व"** भन्ने गा.पाको दीर्घकालिन सोच हासिल गर्न राष्ट्रसेवकहरुलाई कामप्रति तत्पर र सेवाभावसहित समयमै कार्यसम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- अन्त्यमा, कोभिड-१९ महामारी विरुद्धको हाम्रो संघर्ष पूर्णत कहिले अन्त्य हुन्छ भन्ने कुरा अहिले नै एकिन गर्न कठिन छ। तर, हामी सबैको सामुहिक प्रयासवाट यसलाई

छोटो समयमा नै नियन्त्रण गर्न सफल हुने विश्वास मैले लिएको छु । जीवन रहे सुख र खुसी पुनःस्थापित गर्न सकिन्छ । समृद्धिको यात्रालाई पुनः जोड्न र गतिशील बनाउन सकिन्छ । यतिवेला हामी सबैको ध्यान कोभिड-१९ का विरुद्धको संघर्षमा केन्द्रित छ । कोभिड-१९ महामारीका कारणले उत्पन्न हुनसक्ने खाद्य संकट आउन नदिन, रोजगारी गुमाउन पुगेकाहरुको जीविकोपार्जनको आधार तयार गर्न तथा रोग नियन्त्रणसंगै अर्थतन्त्रलाई गतिशील बनाउने उद्देश्यअनूरुप नै यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

- यो नीति तथा कार्यक्रम " **शान्तिनगर गाउपालिकाको दाहित्य,सुशासन र समृद्धिको स्थायित्व** " भन्ने गा.पाको दीर्घकालिन सोच र आकांक्षालाई यथार्थमा परिणत गर्ने मार्गदर्शक दस्तावेज हो । शान्तिनगर गाउँपालिकाको एक्लो प्रयासबाट मात्रै अपेक्षित लक्ष्य हासिल गर्न संभव छैन । सरकारी, निजी, गैर सरकारी, सामुदायिक र सहकारी संघसंस्थाहरुको संयुक्त प्रयास, समन्वय, सहकार्य र स्वामित्वमा यस नीति तथा कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयन हुने विश्वास व्यक्त गर्दै शान्तिनगरको विकास र समृद्धिको अभियानमा सबैको सहभागिताका लागि हार्दिक आव्हान गर्दछु । म सबैप्रति यस अवसरमा आभार तथा धन्यवाद दिन चाहन्छु ।

कमान सिंह डांगी
अध्यक्ष
शान्तिनगर गाउँपालिका